स्थान: बैठक कक्ष

समय: दिनको ३.०० बजे

आज मिति २०८१/०५/१८ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

## कार्यपालिका बैठक संख्या: १०८ औं (२०८१/८२-२/दोश्रो ३४)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खुमलाल भुसाल | |

मितिः २०८१/०५/१८

१०८औं नगर कार्यपालिका बैठकका कार्यसूचीहरू

१. फुद्वाङ् फर्जेङ् चन्द्र प्रभा मा.वि देखी डिहिडाँडा नेटा सडक स्तरोन्ती गर्ने कार्यको म्याद थप सम्बन्धमा,

२. खाँची दरबारको म्याद थप सम्बन्धमा ।

निर्णय नं १.

सन्धिखर्क नगरपालिकाको ठेक्का नम्बर NCB/SM/R/P/2080/81 सन्धिखर्क नगरपालिका १, २, ९ र १० सडक मर्मत तथा फुद्वाङ् फर्जेङ् चन्द्र प्रभा मा.वि. देखि डिहिडाँडा नेटा सडक सन्धिखर्क ७ सडक स्तरोन्नती गर्ने कार्यका लागि मिति २०८१/१/१४ मा श्री जय नवदेउराली जे.भी र यस कार्यालय बिच रू १२१७२९१६।८४ (मु.अ.कर सहित) मा मिति २०८१/३/२३ सम्म कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा श्री जय नवदेउराली जे.भी ले वर्षाको कारण तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकिएको भनी मिति २०८१/२/३१ गतेका दिन २०८१ साल कार्तिक मसान्तसम्मको लागि म्याद थप गर्न निवेदन पेस गरेकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सन्धिखर्क नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७९ को नियम १३३ मा रहेको व्यवस्था बमोजिम २०८१ साल कार्तिक ३० गतेसम्मका लागि म्याद थप गर्ने ।

निर्णय नं २.

सन्धिखर्क नगरपालिकाको ठेक्का नम्बर NCB/SM/W/P/15/2079/80 ऐतिहासिक चौबिसे राज्य अन्तर्गतको खाँचीदरबार पुन निर्माण तथा पहुँचमार्ग निर्माण कार्यका लागि मिति २०७९/१२/१५ मा श्री रिमार्केवल बिल्डर्स प्रा.लि र यस कार्यालय बिच रू १५३०५४३२।६३ मा (मु.अ.कर सहित) मा सम्झौता भई यस कार्यालयबाट भएको सम्झौता बमोजिमको कार्यमा पुन पुरात्त्व विभागको ड्रइङ, डिजाइन र इस्टिमेट बमोजिम कार्य गर्नु पर्ने भएकोले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकिएको भनी मिति २०८१/४/१५ मा २०८२ साल आषाढ १५ गते सम्मको लागि म्याद थप गर्न श्री रिमार्केवल बिल्डर्स प्रा.लि ले निवेदन पेस गरेकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सन्धिखर्क नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १३३ मा रहेको व्यवस्था बमोजिम २०८२ साल आषाढ १५ गतेसम्मका लागि म्याद थप गर्ने ।

CamScanner